# झिमरुक गाउँपालिकाबाट विद्यालयहरुलाई उपलब्ध गराउने अनुदान रकम भुक्तानी सम्वन्धी मापदण्ड - २०७६

कार्यपालिकाबाट पारित मिति २०७६/०१/१० गते
प्रमाणीकरण मिति २०७६/०१/१० गते

**झिमरुक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मच्छी,प्यूठान**
**लुम्बिनी प्रदेश नेपाल**

**झिमरुक गाउँपालिकाबाट बिद्यालयहरुलाई उपलब्ध गराउने अनुदान रकम भुक्तानी सम्वन्धी मापदण्ड -२०७६**

**प्रस्तावना:** झिमरुक गाउँकार्यपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) ऐन, २०७४ को दफा ४ बमोजिम झिमरुक गाउँ कार्यपालिकाले यो मापदण्ड जारी गरेको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** (१) यो मापदण्डको नाम झिमरुक गाउँपालिकाबाट विद्यालयहरुलाई उपलब्ध गराउने अनुदान रकम भुक्तानी सम्बन्धी मापदण्ड- २०७६ रहेको छ।

२. **परिभाषा:**

विषय वा प्रसंले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मापदण्ड" भन्नाले झिमरुक गाउँपालिकाबाट बिद्यालयहरुलाई उपलब्ध गराउने अनुदान रकम भुक्तानी सम्बन्धी मापदण्ड -२०७६लाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "वडाअध्यक्ष" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनु पर्दछ।

(ङ) "सदस्य" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ।

(च) "वडासमिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ।

३. **अनुदान उपलव्ध गराउने विद्यालयहरु:**

३.१ झिमरुक गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुलाई झिमरुक गाउँपालिकाले अनुदान रकम उपलब्ध गराउन सक्ने छ।

४. **चालु तथा पूँजीगत अनुदान रकम उपलव्ध गराउने आधारहरु:**

क विद्यार्थीको सिकाइ उपलब्धी

ख विद्यालयको विद्यार्थी संख्या

ग विद्यालयको शिक्षक संख्या

घ विद्यालयको आर्थिक अवस्था

ङ विद्यालयले पुरा गर्नुपर्ने न्यूनतम पूर्वाधारहरु

च प्राविधिक शिक्षा

छ संघीय तथा प्रदेश सरकारले उपलब्ध गराउने अनुदान र गाउँपालिकाले थप गर्नुपर्ने अनुदान रकम[1]

**५.अनुदान रकम विनियोजका आधार**

क) झिमरुक गाउँकार्यपालिकाले गाउँसभाबाट विनियोजित रकमको अधिनमा रही विद्यालयहरुमा अनुदान पाउने गरी रकम विनियोजन गर्न सक्नेछ ।

ख)उपदफा (क) वमोजिम रकम विनियोजन गर्दा झिमरुक गाउँपालिकाको गाउँ शिक्षा समितिको सिफारिस बमोजिम झिमरुक गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरु र बालविकासमा निजी स्रोतबाट

[1] पहिलो संशोधनबाट थप गरिएको

पारिश्रमिक पाउने गरी करारमा नियुक्ति भएका शिक्षकहरुको तह र रकम खुलाई झिमरुक गाउँपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि २०७५ को दफा ८३ र यस मापदण्डको दफा ४ बमोजिमका आधारमा झिमरुक गाउँकार्यपालिकाले रकम विनियोजन गर्न सक्ने छ ।

**६. अनुदान रकम भुक्तानी माग**

क) दफा ५ को उपदफा (ख) बमोजिम विनियोजित रकम भुक्तानि माग गर्दा तपसिल अनुसारका कागजात संलग्न गरी सम्वन्धित विद्यालयको प्रधानाध्यापकले गाउँपालिकामा सिफारिस गर्नु पर्नेछ ।

तपसिल

१. निजी स्रोतमा कार्यरत शिक्षकको हकमा व्यवस्थापन समितिले नियुक्ति गरेको निर्णयको प्रतिलिपि,

२.निजी स्रोतमा कार्यरत शिक्षकलाई नियुक्ति गरेको निर्णय प्रतिलिपि र करार नियुक्ति पत्र,

३.अध्यापन अनुमति पत्र र नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

४.शैक्षिक योग्यताका प्रमाणपत्रहरु,

५.प्रध्यानाध्यापकले प्रमाणित गरेको हाजिर ।

**७. अनिवार्य नहुने**

क.....................[2] ।

ख आ.व.२०७८/०७९ को लागि विद्यालयलाई थप उपलब्ध गराउने गाउँपालिका अनुदान कोटाका शिक्षकहरुको हकमा निरन्तर निजी स्रोतमा कार्यरत रहेको आधारमा एक पटकको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनेछैन ।[3]

**८. अनुदान रकम भुक्तानी**

क) दफा ५ ख बमोजिम विनियोजित रकम दफा ६ (क) वमोजिम भुक्तानीको लागि माग फारम पेस भएपछि शिक्षा इकाईबाट रुजु गरी राजश्व तथा आर्थिक प्रशासन शाखाबाट सम्वन्धित विद्यालयको खाता मार्फत भुक्तानी दिनु पर्नेछ ।

**९.बिद्यालयले भुक्तानी**

क) दफा ८ (क) बमोजिम विद्यालयको खातामा प्राप्त अनुदान रकमबाट विद्यालयले शिक्षकलाई भुक्तानी दिदा जुन तहको लागि अनुदान पठाइएको सोही तहमा कार्यरत जेष्ठ शिक्षकलाई प्राथमिकता दिई भुक्तानी दिनु पर्नेछ ।

ख) दफा (क) बमोजिम जेष्ठ शिक्षक भन्नाले करारमा नियुक्ति भई निरन्तर करार म्याद थप भएको निजी स्रोतबाट पारिश्रमिक पाउने शिक्षक भन्ने सम्झनु पर्नेछ ।

---

[2] पहिलो संशोधनबाट हटाइएको

[3] पहिलो संशोधनबाट थप गरिएको

**१०. पुरस्कार रकम**

क) झिमरुक गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुलाई दफा ५ (क) र (ख) बमोजिम रकम विनियोजन गर्दा दफा ४ को उपदफा (क) र (ख) को अधिनमा रही झिमरुक गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुबाट उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय र विद्यार्थीहरुलाई पुरस्कार स्वरुप नगद रकम झिमरुक गाउँ कार्यपालिकाले निर्णय गरी दिन सक्नेछ।

**११. पुरस्कार रकम भुक्तानी**

क) सामुदायिक विद्यालयको हकमा कार्यपालिकाले निर्णय गरेको शैक्षिक शत्रको नतिजाको प्रमाणित लेजर संलग्न गरी उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालयले पुरस्कार रकम भुक्तानीका लागि माग गर्नु पर्नेछ ।

ख) उत्कृष्ट नतिजा हासिल गरेको सामुदायिक विद्यालय भनी परीक्षा समितिले शिक्षा इकाईमा सिफारिस गर्नु पर्नेछ। शिक्षा इकाईले परीक्षा समितिबाट सिफारिस भई आएका विद्यालयहरुलाई प्राथमिकीकरण सहित प्रमाणित गरी राजश्व तथा आर्थिक प्रशासन शाखामा सिफारिस गरेपछि सम्वन्धित विद्यालयको खातामा रकम जम्मा गरी दिनु पर्नेछ।

ग) सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीहरुको हकमा कार्यपालिकाले निर्णय गरेको शैक्षिक शत्रको नतिजाको प्रमाणित लेजर संलग्न गरी उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीको सम्बन्धित विद्यालयले भुक्तानीका लागि सिफारिस गर्नु पर्नेछ ।

घ) उत्कृष्ट नतिजा हासिल गरेको विद्यार्थी भनि परीक्षा समितिले शिक्षा इकाईमा सिफारिस गर्नु पर्नेछ। शिक्षा इकाईले परीक्षा समितिबाट सिफारिस भई आएका विद्यार्थीहरुलाई प्राथमिकीकरण सहित सम्बन्धित विद्यार्थीको लब्धाङ्क पत्र प्रमाणित गरी राजश्व तथा आर्थिक प्रशासन शाखामा सिफारिस गरेपछि सम्बन्धित विद्यार्थीलाई भुक्तानी दिनु पर्नेछ।

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०७६/०१/१० गते पारित यो मापदण्ड झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण ( कार्यविधि) नियमावली,२०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

(कमल प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७६/०१/१०